भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ७ फागुन ०१, २०७६

## भाग-२

भेरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

सूचना

# पशुपन्छी तथा मत्स्य पालन नीति २०७६

**पृष्ठभूमी :**

नेपालको पशुपन्छी पालन प्रणालीमा पशुपन्छी व्यवसायले अनादि कालदेखि आजसम्म विशेष महत्व राख्दै आएको छ र भोली पनि यसको महत्व रहिरहने छ। पशुपन्छी तथा मत्स्य पालन व्यवसाय कृषि व्यवसायको पुरक अंग मात्र नभएर साधारण जनताको जीविकोपार्जन देखि आयआर्जन गर्ने प्रमुख आधार भएको छ । पशुपालन व्यवसायको विकासको क्रममा विगतमा संघिय सरकारले केन्द्र देखि प्रदेश हुँदै गाउँ गाउँमा पशु सेवा केन्द्र र उपकेन्द्र स्थापना गरि सेवा नपुगेका बस्तीहरुका कृषकलाई सेवा दिनको लागि ग्रा.रुप.स्वा.का., बेरोजगार पाराभेटहरुलाई सेवा प्रवाहको मुलधारमा ल्याई कृषकहरुलाई सक्दो सेवा प्रदान गरि पशुपन्छीहरुको उपचार लगायत नयाँ-नयाँ प्रविधि एवम् प्राविधिक ज्ञान शिप हस्तान्तरण गरेर पशुपन्छी जन्य पदार्थको उत्पादकत्व बढाउन अग्रणी भूमिका खेलेको सर्वविदितै छ ।

देशको राजनैतिक परिवर्तन संगै केन्द्र सरकारको अधिकार स्थानीय तहमा हस्तान्तरण गरेर स्थानीय तहलाई विभिन्न क्षेत्रबाट सक्षम र सबल बनाई पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादनमा वृद्धि गरि कृषकको आयस्तरमा सुधार गर्दै बेरोजगार युवा, युवतीहरुलाई रोजगारमूलक व्यवसाय तर्फ उन्मुख गराउन पशुपन्छी पालनका पकेट प्याकेजका आयमूलक कार्यक्रमहरु संचालन गरेर भेरी नगरपालिकालाई दुध अण्डा र मासुमा आत्म निर्भर बनाउँदै बढी भएको उत्पादनलाई नगर तथा जिल्ला बाहिर समेत निकासी गरी विदेशबाट आयात हुने पशुपन्छीजन्य पदार्थलाई प्रतिस्थापन गरेर देशकै कुल ग्राहस्थ उत्पादनमा योगदान पुऱ्याई समृद्ध नेपाल सुखी नेपाली बनाउने अभियानलाई मूर्तरुप दिन यो नीतिले प्रमुख भूमिका खेल्ने छ ।

नगरपालिकाले आफ्नो नगर क्षेत्रमा पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई परंपरागत निर्वाह मुखी पेशाबाट मर्यादित आयमूलक प्रतिस्पर्धी एवम् व्यवसायीमुलक पद्धतिमा रुपान्तरण गर्न पशुपन्छी पालन व्यवसायलाई वैज्ञानिक पशुपन्छी पालनतर्फ उन्मुख गराउन आवश्यक देखिन्छ । भेरी नगरपालिका पशुपन्छी शाखाको पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी विभिन्न उद्देश्यहरु पुरा गर्न दीर्घकालीन रणनीति तयार गरी अगाडि बढनु पर्ने भएकाले “पशुपन्छीजन्य उत्पादकत्वलाई जोड दिने नीति, व्यावसायिक पशुपन्छी पालनले नगरको आर्थिक समुन्नती” भन्ने मूल नीतिका साथ “नेपालको संविधानको धारा २२६, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा भेरी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को अधिनमा रही भेरी नगर कार्यपालिकाले “पशुपन्छी कार्यक्रम संचालन नीति, २०७६” तयार गरेको छ ।

**दीर्घकालीन उद्देश्य :**

पशुपालन व्यवसायलाई विविधिकरण व्यवसायीकरण आयमूलक तथा सम्मानित पेशाको रुपमा विकास गरी नगरपालिकालाई दुध, फुल, मासु, माछा तथा पशुजन्य पदार्थको आपुर्तिमा आत्म निर्भर गराउन उत्पादन बढाउँदै प्रदेश तथा सिगो देशको राष्ट्रिय उत्पादनमा समेत योगदान पुऱ्याउन पशुपन्छी शाखा भेरी नगरपालिका जाजरकोटको प्रमुख उद्देश्य रहेको छ । लक्षित उद्देश्य हासिल निम्न रणनीतिहरु अवलम्बन् गरिने छन् ।

**दीघकालीन रणनीतिहरु :**

**क. पशु स्वास्थ्य सेवा :**

१. पशुपन्छीलाई स्वस्थ्य राख्न पशुपन्छीका रोगहरुको नियमित औषधी उपचार गरिने छ ।

२. मासुको गुणस्तरमा सुधार गर्न तथा किटनासक पेष्टीसाइट औषधीको प्रयोगमा न्युनीकरण गरिने छ ।

३. नगरपालिका भित्रका वडाहरुमा पशु स्वास्थ्य सेवालाई प्रत्येक वडाका कृषकको घर आँगनमै सेवा दिनको लागि आवश्यकता अनुसार केन्द्र तोकी ३ देखि ५ दिन सम्म एक ठाउँमा बसेर गाउँघर घुम्ती उपचार तथा घुम्ती क्लिनिक संचालनमा ल्याइने छ ।

४. पशुपन्छीमा देखीने संक्रामक रोगहरु फैलिएको वा पशुपालक कृषकले माग गरेका स्थानमा एक दिने पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।

५. नगरपालिकामा पशुपन्छीको आधारभूत प्रयोगशालाको स्थापना गरि सेवा प्रवाह गरिने छ ।

६. पशुपन्छी तथा मत्स्य रोगहरुको डिजिज सर्भिलेन्स तथ्याङ्क सङ्कलन व्यवस्थापन र सम्प्रेषण गरिने छ ।

७. महामारी बिपद व्यवस्थापन र रोग नियन्त्रणका लागि आवश्यक औषधी तथा खोपको वफर स्टक व्यवस्थापन गरिने छ ।

८. नेपाल सदस्य रहेको विश्व स्वास्थ्य संगठन लगायतका अन्तर्राष्ट्रिय तथा संघीय सरकार र प्रदेश सरकार तथा पशुपन्छी, वन्यजन्तु र माछा समेतको रोगको सम्बन्धित निर्दिष्ट ढाँचाको फर्मेटमा रिपोर्टिङ् गरिने छ ।

९. कुकुर बिरालोमा नियमित रेबीज खोप सञ्चालन तथा सामुदायिक कुकुरहरुको जनसंख्या कम गर्न भाले कुकुरहरुलाई बन्ध्याकरण शिविर संचालन गरिने छ ।

१०. पशुपन्छी तथा मत्स्यजन्य महामारी एवम् प्रकोप व्यवस्थापन गरिने छ ।

११. विभिन्न रोगहरुको खोपकार्यक्रम सन्चालन गर्न पशु अस्पतालसंग सहकार्य गरि खोपको भण्डारण तथा व्यवस्थापन गरिने छ ।

१२. नगरपालिका भित्रका सबै वडाहरुका कृषकहरुलाई पशु स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन प्राविधिकको व्यवस्था गरिने छ ।

**ख. पशुपन्छी तथा मत्स्य जन्य उत्पादन :**

१. नगरपालिका भित्र समय आवश्यकता अनुसार पशुपन्छीको गणना तथा पशुपन्छी तथा मत्स्यसंग सम्बन्धित उत्पादन र पशु आहाराको तथ्याङ्क संकलन र अध्यावधिक एवम् सम्प्रेसन गरिने छ ।

२. नगरपालिका भित्रका कृषक पशुपन्छी तथा मत्स्यपालन व्यवसायीहरुले पालेका पशुपन्छीहरुको बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रमसंग जोडेर कार्यक्रम संचालन गरिने छ ।

३. दुध, फुल, माछा, मासुको उत्पादन उत्पादकत्व वृद्धि गर्न कृत्रिम तथा प्राकृतिक गर्भाधानको माध्यामद्वारा पशुपन्छीहरुमा नश्ल सुधार गरिने छ ।

४. पशुजन्य पदार्थको उत्पादन उत्पादकत्व बढाउन कृषक व्यवसायी उद्यमीहरुलाई कायविधिले प्रदत्त गरेका क्रियाकलाप संचालन गरिने छ ।

५. पशुपन्छी फार्म समूह, समिति उद्योग डेरी पसल, माछा, मासु पसल, वधस्थल, वधशाला, पशुहाट, बजार, दाना विक्री केन्द्र, एग्रोभेट, पशु औषधी पसल लगाएतका पशुपन्छी तथा मत्स्यपालन सँग सम्बन्धित व्यवसायलाई प्रचलित कानुन बमोजिम दर्ता प्रक्रियामा ल्याई अभिलेखीकरण गरिने छ ।

## ग. पशुपन्छी तथा मत्स्य सम्बन्धि काम गर्ने अन्तर्राष्ट्रिय, राष्ट्रिय गैह्र सरकारी संघ संस्था सम्बन्धि व्यवस्था :

१. भेरी नगरपालिका भित्र पशुपन्छी पालनका कार्यक्रमसंग सम्बन्धित रहेर काम गर्ने गैह्सरकारी संघ संस्थाहरुलाई एकद्वार प्रणालीबाट कार्यक्रम सन्चालन गराउन समन्वय गर्दै कार्यक्रमको दोहोरोपनलाई रोक लगाइने छ ।

२. नगरपालिका भित्र पशुपन्छी पालन सम्बन्धि कार्यक्रम संचालन गर्ने अन्तर्राष्ट्रिय राष्ट्रिय, गैह्सरकारी, संघ, संस्थाहरुसंग सहकार्य गरि कृषकको माग बमोजिम साझेदारीमा कार्यक्रमहरु संचालन गरिने छ ।

३. नगरपालिकाको बिनियोजन बजेटले सम्पन्न गर्न नसक्ने क्रियाकलापहरुको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय गैह्सरकारी संघ संस्थाहरुसंग सहकार्य गरि ठुला परियोजनाहरु सन्चालन गरिने छ ।

४. नगरपालिका भित्र पशुपन्छी तथा मत्स्यपालनसंग सम्बन्धी काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय गैह्र सरकारी संघ संस्थाहरुले गरेका प्रगती तथा क्रियाकलापहरुको विवरण भेरी नगरपालिका पशुपन्छी सेवा शाखामा मासिक तथा चौमासिक पेश गरि कार्यक्रमलाई पारदर्शी बनाउने तर्फ जोड दिइने छ ।

## घ. पशु सेवा तालिम तथा प्रसार सेवा :

१. पशुपन्छी तथा मत्स्य पालन गर्ने कृषक व्यवसायी लगाएतका उद्यमीहरु तथा पारा भेट, ग्रा.प.स्वा.का.पशु स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार तालिम गोष्ठी सञ्चालन गरिनुका साथै उत्कृष्ट कृषक, व्यवसायी, उद्यमी, पाराभेट, पशु स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन तथा पुरुस्कारको व्यवस्था गरिने छ ।

२. नयाँ नयाँ प्रविधिहरुको आदान प्रदानको लागी उत्कृष्ट अगुवा कृषक, कृषक व्यवसायी, उद्यमी तथा कर्मचारी, प्राविधिकहरुको अन्तरपालिका तथा अन्तर जिल्ला भ्रमणका कार्यक्रमलाई कार्यक्रममा समावेश गरिने छ ।

३. जुनोसिस रोग बारे पालिका स्तरिय सेमिनार, गोष्ठी, स्कुल प्रसारण शिक्षा तथा प्रचार प्रसारमा जोड दिइने छ ।

४. पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

५. पशुपन्छी शाखाले अन्य नगर, गाउँपालिका, भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, प्रदेश प्रयोगशाला, निर्देशनालय, प्रदेश तालीम केन्द्र, भूमि व्यवस्था तथा कृषि पशुपन्छी मन्त्रालय, संघीय क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, केन्द्रीय प्रयोगशाला लगाएतका सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गरि पशुपन्छी पालनका विभिन्न कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समन्वय गरिने छ ।

## ङ. नश्ल सुधार कार्यक्रम

१. भेरी नगरपालिका पशुपन्छी शाखाले नगर भित्रका कृषकले पालेका पशुपन्छीहरुलाई बढि उत्पादन दिने राँगो साँढे बोका थुमा बिर र डिवल प्रोजका न्यूह्याम्पसायर र आस्ट्रोलोप, लेयर्स जातका कुखुराहरु अनुदान तथा ढुवानी अनुदानमा कृषकहरुको मागको अधारमा प्राथमिकिकरण गरि, वितरण गरिने छ ।

२. नगरपालिका भित्रका कृषकहरुलाई आधुनिक पशुपालन व्यवसायोउन्मुख गराउन राँगो साँढे, पालनको झन्झटबाट मुक्त भइ कृत्रिम गर्भाधान प्रविधिबाट वर्णशंकर उन्नत जातका उत्पादनशील गाई भैसी र बाख्राको कृत्रिम गर्भाधान सेवा संचालन गरिने छ ।

३. कम उत्पादनशील स्थानीय राँगो साँढे बोका र बंगुरका बिरहरुलाई तीन चार महिनाको उमेरमा नै बन्ध्याकरण गर्न कृषकहरुलाई विभिन्न संचारका माध्यामहरुबाट जानकारी गराई त्यस्ता भाले पशुहरुको बन्ध्याकरण गरिने छ ।

४. पशुहरुमा आफ्नै सन्तानको हाडनाता प्रजननले नश्ल सुधारमा नकारात्मक असर पारेकोले हाडनाता प्रजननलाई अन्त्य गर्न तालिम तथा अन्य संचारका विभिन्न साधन र प्राविधिकको परामर्शलाई विशेष जोड दिइनेछ ।

५. रैथाने स्थानीय जातका उत्पादनशील पशुपन्छीहरूको आनुवंसी संरक्षणका लागि केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य निकायसंग सहकार्य गर्ने ।

## च. आहारा तथा चरण विकास

१. दुध फुल र मासुको उत्पादन उत्पादकत्व बढाउन दानमा भएको उत्पादन लागत कम गर्न पोषिला भुँइ घाँस डाले घाँसको बिउ बिरुवाहरु कृषकको मागमा अनुदानमा उपलब्ध गराइने छ ।

२. भेरी नगरपालिका भित्रका पशु बस्तुहरुलाई आहरा तथा घाँसको परिपुर्ति गर्न चलन चल्तीका चरणखर्कको घाँस डाले घाँसको बीउ बिरुवाहरु कृषकको मागमा अनुदानमा उपलब्ध गराइने व्यवस्था नभएकाले कृषकको सहभागीतामा आहारा तथा चरण विकासका कार्यक्रलाई विशेष जोड दिइ पशुचरण क्षेत्रको बिस्तार गरि पशु आहाराको वृद्धिलाई आपुर्ति गरिने छ ।

३. सार्वजनीक पर्ति जग्गाहरुमा कृषकको सहभागीतामा पशुवस्तुहरुले नखाने झाडी बुट्यान हटाउन लगाई पोषीला पौष्टिकयुक्त डाले घाँस र भुँइ घाँसको विस्तार गरिने छ ।

४. पशुपन्छी मत्स्य घाँसको स्रोत केन्द्र विकास गर्ने ।

५. छाडा चरीचरणका कारण वन जंगलको क्षेती र वर्षेनी भै राखेको भुक्षय लाई रोक्न पशुवस्तुलाई बँधुवा प्रणालीले पालन गर्न कृषकलाई अभिप्रेरित गर्न प्रचार प्रसारका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

६. छाडा चरीचरणलाई रोकी वन जंगल र रैथाने पोषिला डालेघाँस भुँइघाँस र उन्नत पोषिला घाँसहरुले पर्ति जमिन तथा हैसीयत बिग्रेका जमिन रोड कोरीडोरका दाँया बाँया किनाराहरु हराभरा बनाई जलबायू परिवर्तनलाई अनुकुल बनाउन कृषक सहभागीतामा डालेघाँस तथा भुँइघाँसका बिरुवाको वृक्षारोपण गरिने कार्यक्रम संचालन गरिने छ ।

## छ. बजारीकरण

१. भेरी नगरपालिका भित्र कृषकले उत्पादन गरेका पशुपन्छी तथा मत्स्यको बजारीकरणको लागी कृषक सहभागीतामा हाटबजार र संकलन केन्द्रको स्थापना गरिने छ ।

२. भेरी नगरपालिका भित्र दुग्ध पदार्थको बजारीकरणको लागि कृषक सहभागीतामा डेरी पसल सुधार चिस्यान केन्द्र स्थापना साना डेरी तथा डेरी उद्योग स्थापना र स्तरोन्नती गरिने कार्यक्रमहरु संचालन गरिने छ ।

३. कृषकले उत्पादन गरेका राँगा बोका भेडा बाखा बंगुर कुखुराको बजारीकरणका लागि समुदाय, व्यक्तिको लागत सहभागीतामा मासु पसल सुधार मासु प्रशोधन केन्द्र स्थापना बधस्थल तथा बधशाला निर्माण तथा सुधार गर्न कार्यक्रम संचालन गरिने छ ।

४. नगर भित्र र बाहिरको बजारको मागलाई समेत पुरा गर्ने गरि एक गाउँ एक उत्पादन नीतिलाई विशेष जोड दिइ उत्पादन बढाउन पकेट प्याकेज क्षेत्र निर्धारण गरी कृषक सहभागीतामा पशुपन्छी श्रोत केन्द्रको स्थापना गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।

**ज. अनुदान कार्यक्रम**

१. भेरी नगरपालिका भित्रका पशुपालनमा संलग्न कृषक तथा बेरोजगार युवा-युवतीहरुलाई पशुपालन क्षेत्रमा अग्रसर बनाइ पशुपन्छी तथा मत्स्य र पशु पन्छीजन्य पदार्थको उत्पादनमा सहभागी बनाउन गरिबको रेखाभित्र पर्ने ४ रोपनी भन्दा कम जमीन भएका दलित, जनजाती विपन्न वर्गका गरिब र गरिब एकल महिलाहरुलाई आयआर्जन तथा जीविकोपार्जनका लागि बाखापालन कुखुरापालन र बंगुरपालन, गर्न अनुदानमा दिइने छ ।

२. नगरपालिकाभित्र परंपरागत पशुपन्छी पालन गरिरहेका, छरिएर रहेका साना कृषकहरूलाई समुहमा आवद्ध गराई कृषकको पशुधनको सुरक्षालाई विशेष जोड दिदै अनिवार्य बिमा र उत्पादनलाई व्यवसायिक तथा बजारमुखी बनाउन साना किसान सहुलियत अनुदान कार्यक्रम संचालन गरिनेछ ।

३. नगरपालिका भित्रका मध्यम वर्गका पढेलेखेका ज्ञान सिप भएका र विदेश गएर फर्किएका बेरोजगार युवा-युवतीहरुलाई समुहगत व्यवसाय र व्यक्तिगत नीजि फार्महरु संचालन गरि पशुपन्छी जन्य पदार्थको उत्पादन बढाउन लागत सहभागीतामा पशुपन्छी पालन गर्न कार्यक्रम संचालन गरिने छ ।

**झ. समुह, समिति गठन र नीजि व्यवसाय, फार्म दर्ता नवीकरण सम्बन्धि मापदण्ड:**

१. पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी संचालन गरिने विभिन्न क्रियाकलापमा सहभागी हुन नगरपालिका भित्रका पशुपालन कृषकहरु समुह समितिमा आवद्ध गरिने छ ।

२. समुह समिति तथा सहकारीमा आवद्ध हुने व्यक्ति भेरी नगरपालिकाको स्थायी बासिन्दा र भेरी नगरपालिकको मतदाता हुनु पर्नेछ ।

३. भेरी नगरपालिका भित्र पशुपन्छी तथा मत्स्य लगाएतका अन्य व्यवसाय जस्तै माछा मासु पसल पशुपन्छीको औषधी पसल पशुपन्छी जन्य उत्पादित पदार्थको व्यवसाय संचालन गर्ने सबै व्यवसायीहरुको व्यवसाय एक-एक वर्षमा नवीकरण गरिने छ ।

४. भेरी नगरपालिका भित्रका समुह समिति व्यवसाय नीजि फार्म तथा पशुपन्छी जन्य पदार्थको पसल तथा संकलन केन्द्र संचालन गर्ने व्यवसायीहरुलाई भेरी नगरपालिकाको पशुपन्छी कार्यक्रम संचालन कार्यबिधि निर्देशिका २०७६ को मापदण्डमा ल्याइने छ ।

५. भेरी नगरपालिका पशुपन्छी सेवा शाखाको कार्यविधि निर्देशिका २०७६ पारित हुनु भन्दा अगाडी समुह समिति व्यवसाय फार्म दर्ता भएका व्यवसायीहरुलाई समेत यस कार्यविधिको कानुनी दायरामा ल्याइने छ ।

६. भेरी नगरपालिका पशुपन्छी शाखाको लक्ष्य उद्देश्य वा स्वस्फुर्त रुपमा आफु खुसी गठन गरेका समुह, समिति, व्यक्तिगत तथा नीजि व्यवसायिक फार्महरु आर्थिक वर्षको शुरु श्रावण देखि आश्विन मसान्त सम्म दर्ता तथा नवीकरण गर्ने परिपाटी बसालिने छ ।

७. कृषक समुहमा बस्ने समुहका सदस्यहरु स्वस्थ्य र शारीरिक तन्दुरुस्ती भएका २० वर्ष देखि ५० वर्ष उमेर समुहका साधारण लेखपढ गर्न सक्ने कम्तीमा १० जना देखि २५ जना सम्मको समुह गठन गरिने परिपाटी बसालिने छ ।

८. बंगुर, कुखुरा र गाई भैसी तथा अन्य पशुहरुको व्यवसाय संचालनको लागि वातावरणीय अनुकुल बनाउन व्यवसायको दुरीको उचित मापदण्ड सहितको कार्यविधि निर्माण गरिने छ ।

९. साना, मझौला तथा ठुला व्यवसायिक फार्म स्थापना गरि संचालन गर्दा आवश्यक पर्ने कागजात र प्रक्रियाको समबन्धमा कार्यविधिमा समेटेर मापदण्ड तयार गरिने छ ।

आज्ञाले,
दलबहादुर घर्ती
निमित्त प्रमुख प्रशासकीय अधिकृत